# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०६।०९ गते।

# प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी ज्ञानेन्द्र गिरीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

प्रतिवादी डा. ज्ञानेन्द्र गिरीले वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको उपकुलपति जस्तो पदमा नियुक्ति भइसकेपछि नियमित काम गर्ने क्रममा अरुले विश्वास गरोस् भनी कुनै पनि आधिकारीक निकायबाट प्राप्त नगरेको नपाएको ओहदा पाएँ भनी अरुले विश्वास गर्ने गरी प्राध्यापक (प्रोफेसर) पद प्रयोग गरेको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुरमा सोही ऐनको दफा १५ बमोजिमको सजाय हुन तथा डा. ज्ञानेन्द्र गिरी हाल वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको उपकुलपति पदमा बहाल रहेको देखिएकोले निज उपर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २४ बमोजिम थप सजाय हुन,

अर्का प्रतिवादी डा. ज्ञानेन्द्रमान सिंह कार्कीले प्रोफेसर पदको अनुमोदनको लागि काठमाडौं विश्वविद्यालयमा सिफारिससम्म गर्न सक्नेमा निजले डा. ज्ञानेन्द्र गिरीलाई प्रोफेसर पदको उपाधि नै दिएकोले प्रतिवादी ज्ञानेन्द्र गिरीले नपाएको ओहदा प्रयोग गरेको कार्यमा निज प्रतिवादी ज्ञानेन्द्रमान सिंह कार्की मतियारको भूमिकामा रहेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २२ बमोजिमको कसुरमा मुख्य अभियुक्त ज्ञानेन्द्र गिरीलाई हुने दफा १५ बमोजिमको सजायमा सोही ऐनको दफा २२ बमोजिमको सजाय हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा

विशेष अदालतको मिति २०८०/११/१६ को फैसलाबाट निम्न आधारमा सफाई दिएकोः-

- विराटनगर अस्पताल प्रा. लि.बाट नियुक्ति दिएको आधारमा निज प्रतिवादीले प्रा. लेखेको हुँदा निजले कसैले नदिएर आफू खुशी प्राध्यापक पदको प्रयोग गरेको भन्ने नदेखिएको।
- निजी कलेजले प्राध्यापक पदमा नियुक्ति गरेको देखिएको र त्यस्तो पद धारण गरेको व्यक्तिबाट भए गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुरजन्य कार्य नहुने।
- प्रतिवादी ज्ञानेन्द्र गिरीले निजको नामको अगाडि प्रा. लेखेर कुनै राष्ट्र सेवकको ओहदा, अधिकार, हैसियत वा सुविधाको प्रयोग गरेको नदेखिएको।
- प्रतिवादी ज्ञानेन्द्र गिरीलाई सन् २०१४/०४/०१ मा प्रोफेसर पदमा नियुक्ति दिने कार्यलाई भ्रष्टाचारजन्य कसूर भनेर दावी गरेको नदेखिएको र निजलाई प्रोफेसर पदमा नियुक्ति दिने कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूरजन्य कार्य नभएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।०९ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- प्रतिवादी ज्ञानेन्द्र गिरीले तत्कालीन विराटनगर अस्पताल प्रा.लि. मा काम गर्न शुरु गरेको अवस्थामा प्राध्यापकको उपाधी दिएको भनी यस आयोगलाई सम्वोधन गरी पठाएको विराट मेडिकल कलेज तथा शिक्षण अस्पतालको पत्रबाट देखिएको। उक्त पत्रको व्यहोरामा नै मानार्थ Professor (प्राध्यापक) को नियुक्ति दिई काठमाण्डौ विश्व विद्यालयमा सिफारिस गरी पठाएको भनी उल्लेख भएको देखिएको। पत्रको व्यहोराबाटै Professor को उपाधि विश्व विद्यालयले मात्र दिन सक्ने कुरा प्रतिवादी मध्येका ज्ञानेन्द्रमान सिंह कार्कीले हस्ताक्षर गरेको पत्रले नै स्वीकार गरेको। यस तथ्यले प्रतिवादी ज्ञानेन्द्रमान सिंह कार्कीले अर्का प्रतिवादी ज्ञानेन्द्र गिरीलाई नपाएको उपाधी प्राध्यापक पाए भनी उक्त पद, ओहदा देखाउने कार्यको

मतियार भई सहयोग गरेको देखिदा देखिंदै मतियारमा सफाई दिई भएको फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटिपूर्ण रहेको।

- नेपाल सरकारको निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र बमोजिम निजलाई डा. ज्ञानेन्द्र गिरी मात्र उल्लेख गरी बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको लागि उपकूलपति पदमा नियुक्त गरेको देखिएको। निजले विराट मेडिकल कलेज तथा शिक्षण अस्पताल छोडिसकेपछि उक्त मेडिकल कलेजले आफ्नो कलेजमा मेडिकल प्रयोजनका लागि मात्र डा. ज्ञानेन्द्र गिरीलाई मानार्थ Professor को पद दिएको भए, उक्त मेडिकल कलेज छोडिसकेपछि कलेजले दिएको उक्त उपाधि त्यही छोड्नु पर्नेमा छोडेको नदेखिएको। उक्त Professor पदको प्रयोग बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत रहदाँ समेत प्रयोग गरेको तथ्य अनुसन्धानको वयानको सवाल जवाफमा स्वीकार गरेको देखिएको। यी तथ्य प्रमाणको मूल्याङ्कन नगरी प्रतिवादीहरूलाई सफाई दिएको फैसला त्रुटिपूर्ण रहेको।
- निजी मेडिकल कलेजले आफ्नो अधिकार क्षेत्र नहुदा नहुदै जानी जानी प्रध्यापक पद प्रदान गर्नु नै कसूर हो जसलाई प्राध्यापक पद प्रदान गर्ने अधिकार नै नरहेको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ मा अन्य ब्यक्ति भनी राष्ट्रसेवक भन्दा बाहेकका ब्यक्तिले पनि उक्त कसूर गर्न सक्ने बिधायिकी मनसाय रहेको देखिएको। सार्वजनिक पद प्राप्त नगरेका व्यक्तिले भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूर नहुने भनी भएको फैसला कानूनी ब्यवस्थाको प्रतिकूल देखिएको। प्रस्तुत मुद्दाका मुख्य प्रतिवादी ज्ञानेन्द्र गिरी, बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत रहदा आफ्नो कार्यकक्ष अगाडि रहेको नेमप्लेटमा प्रा.डा. लेखेको र सोही प्रतिष्ठानको लेटर प्याडमा जारी भएको सूचनामा समेत निजले प्रा.डा. ज्ञानेन्द्र गिरी लेखी हस्ताक्षर गरेको देखिंदा देखिंदै उक्त तथ्य भन्दा बाहिर गई निजी मेडिकल कलेजले गैरकानूनी रुपमा दिएको उपाधिलाई प्रयोग गर्ने प्रतिवादी ज्ञानेन्द्र गिरीलाई सफाई दिएको फैसला त्रुटिपूर्ण रहेको।
- "कुनै व्यक्तिले ओहदा पाउन, ओहदामा वहाल हुन वा कुनै लाभ सुविधा प्राप्त गर्ने उदेश्यले पेश नगरेको भन्ने भएकोमा पेश गर्न आवश्यक नभएको सर्टिफिकेट नक्कली वनाई पेस गर्ने कार्य पछाडि ओहदा सम्बन्धी सम्भावित लाभ प्राप्त गर्ने अपराधिक कार्य ( Actus Rea ) र अपराधिक मन वा उद्देश्य (Means Rea) समेतको दुवै तत्वहरुको क्रियाशिलता समावेश भएको हुन्छ। प्रमाण पत्रबाट फाइदा नलिए कसूर नहुने भन्न न्यायोचित र कानूनसङ्गत नहुने" भनी सिद्धान्त प्रतिपादन भएको देखिएको।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

**देहायः**

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु ज्ञानेन्द्र गिरी र डा. ज्ञानेन्द्रमान सिंह कार्की मु.नं (०७९-CR-००८३) फैसला मिति २०८०।११।१६ | नपाएको ओहदा पाएँ भनी भ्रष्टाचार गरेको। | •**आयोगको माग दावी**<br>प्रतिवादी डा. ज्ञानेन्द्र गिरीले वी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको उपकुलपति जस्तो पदमा नियुक्ति भइसकेपछि नियमित काम गर्ने क्रममा अरुले विश्वास गरोस् भनी कुनै पनि आधिकारीक निकायबाट प्राप्त नगरेको नपाएको ओहदा पाएँ भनी अरुले विश्वास गर्ने गरी प्रा. पद प्रयोग गरेको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुरमा सोही ऐनको दफा १५ बमोजिमको सजाय हुन तथा डा. ज्ञानेन्द्र गिरी हाल वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको उपकुलपति पदमा बहाल रहेको देखिएकोले निज उपर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ। अर्का प्रतिवादी डा. ज्ञानेन्द्रमान सिंह कार्कीले प्रोफेसर पदको अनुमोदनको लागि काठमाडौं विश्वविद्यालयमा सिफारिससम्म गर्न सक्नेमा निजले डा. ज्ञानेन्द्र गिरीलाई प्रोफेसर पदको उपाधि नै दिएकोले प्रतिवादी ज्ञानेन्द्र गिरीले नपाएको ओहदा प्रयोग गरेको कार्यमा निज प्रतिवादी ज्ञानेन्द्रमान सिंह कार्की मतियारको भूमिकामा रहेको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २२ बमोजिमको कसुरमा मुख्य अभियुक्त ज्ञानेन्द्र गिरीलाई हुने दफा १५ बमोजिमको सजायमा सोही ऐनको दफा २२ बमोजिमको सजाय हुन मागदाबी लिइएको।<br>•**अदालतको फैसला**<br>विराटनगर अस्पताल प्रा. लि. ले प्रतिवादी डा. ज्ञानेन्द्र गिरीलाई सन् २०१४।०४।०१ को पत्रबाट प्राध्यापक पदमा नियुक्त गरेको र सो नियुक्तिको आधारमा प्रतिवादी डा. ज्ञानेन्द्र गिरीले आफ्नो नामको अगाडि प्रा. लेखेको तथ्यमा विवाद भएको देखिएन। प्रतिवादी ज्ञानेन्द्र गिरीले निजको नामको अगाडि प्रा. लेखेर कुनै राष्ट्रसेवकको ओहदा, अधिकार, हैसियत वा सुविधा प्रयोग गरेको भन्ने देखिदैन। विराटनगर अस्पतालबाट नियुक्ति दिएको आधारमा निज प्रतिवादीले प्रा. लेखेको अवस्था हुँदा निजले कसैले नदिएर आफूखुशी प्रा. पदको प्रयोग गरेको भन्ने देखिएन। निज प्रतिवादीलाई निजी मेडिकल कलेजले प्राध्यापक पदमा नियुक्त गरेको देखिन्छ। त्यसरी निजी कलेजको सार्वजनिक | फैसलाः<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>•विराटनगर अस्पताल प्रा. लि.बाट नियुक्ति दिएको आधारमा निज प्रतिवादीले प्रा. लेखेको हुँदा निजले कसैले नदिएर आफू खुशी प्राध्यापक पदको प्रयोग गरेको भन्ने नदेखिएको।<br>•निजी कलेजले प्राध्यापक पदमा नियुक्ति गरेको त्यसरी निजी कलेजको सार्वजनिक पद धारण नगरेको व्यक्तिबाट भए गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूरजन्य कार्य नहुने।<br>•प्रतिवादी ज्ञानेन्द्र गिरीले निजको नामको अगाडि प्रा. लेखेर कुनै राष्ट्र सेवकको ओहदा, अधिकार, हैसियत वा सुविधाको प्रयोग गरेको नदेखिएको।<br>•प्रतिवादी ज्ञानेन्द्र गिरीलाई सन् २०१४/०४/०१ मा प्रोफेसर पदमा नियुक्ति दिने कार्यलाई भ्रष्टाचारजन्य कसूर भनेर दावी गरेको नदेखिएको र प्रतिवादी ज्ञानेन्द्र गिरीलाई प्रोफेसर पदमा नियुक्ति दिने कार्य भ्रष्टाचार निवारण ऐन, | •विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. ज्ञानेन्द्र गिरीले नपाएको ओहदा पाए भनी पदीय मर्यादा विपरित कार्य गरेको भन्ने समेत व्यहोराको उजुरीको आधारमा पत्राचार गरी बुझ्दा निज प्रतिवादी ज्ञानेन्द्र गिरी तत्कालिन अवस्थाको विराटनगर अस्पताल प्रा.लि. मा काम गर्न शुरु गरेको अवस्थामा प्राध्यापकको उपाधी दिएको भनी यस आयोगलाई सम्वोधन गरी पठाएको विराट मेडिकल कलेज तथा शिक्षण अस्पतालको च.नं. २८१ मिति २०७८/१०/१६ को पत्रबाट देखिन्छ। उक्त पत्रको व्यहोरामा नै मानार्थ Professor को नियुक्ति दिई काठमाण्डौ विश्व विद्यालयमा सोही पदको लागि सिफारिस गरी पठाएको भनी उल्लेख भएको देखिन्छ। उक्त पत्रको व्यहोराबाटै Professor को उपाधि विश्व विद्यालयले मात्र दिन सक्ने कुरा प्रतिवादी मध्येका ज्ञानेन्द्रमान सिंह कार्कीले हस्ताक्षर गरेको पत्रले नै स्वीकार गरेको देखिन्छ। यस तथ्यले प्रतिवादी ज्ञानेन्द्रमान सिंह कार्कीले अर्का प्रतिवादी ज्ञानेन्द्र गिरीलाई नपाएको उपाधी प्राध्यापक पाए भनी उक्त पद, ओहदा देखाउने कार्यको मतियार भई सहयोग गरेको तथ्यलाई पुष्टि गरेको देखिन्छ। यसरी उल्लेखित तथ्य प्रमाणको आधारमा प्रतिवादी ज्ञानेन्द्रमान सिंह कार्कीले नपाएको ओहदाको पाएँ भनी कसूर गर्ने ज्ञानेन्द्र गिरीको मतियारको भूमिका निर्वाह गरेको देखिदा देखिँदै मतियारमा सफाई दिई भएको फैसला प्रमाण मुल्याङ्कनको रोहमा त्रुटिपूर्ण रहेको देखिन्छ। फैसलाको निर्णयाधारमा प्रतिवादीले आफूखुशी प्राध्यापकको उपाधी लिएको होइन, अस्पतालले नियुक्ति दिएको हो भन्ने आधार लिएको देखिन्छ। मेडिकल अस्पताल संचालन गर्ने संचालकले आफूले प्राध्यापकको उपाधि दिन नपाउने भन्ने जानेर नै काठमाडौ विश्व विद्यालयमा सिफारिस गरेको देखिन्छ। जानी जानी उपाधि दिन नमिल्ने अवस्था देखिंदा देखिँदै उपाधी प्रदान गर्ने र ग्रहण गर्ने प्रतिबादीहरूलाई सफाइ दिएको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिन्छ। नेपाल सरकारको निर्णयानुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७६/१२/२७ को च.नं. प्र. नि.स. १/५८६७ मा निजलाई डा. ज्ञानेन्द्र गिरी मात्र उल्लेख गरी सम्बोधन गरी वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको लागि उपकूलपति पदमा नियुक्त गरेको देखिन्छ। निजले विराट मेडिकल कलेज तथा शिक्षण अस्पताल छोडिसकेपछि पनि उक्त मेडिकल कलेजले आफ्नो कलेजमा मेडिकल प्रयोजनका लागि मात्र ज्ञानेन्द्र गिरीलाई मानार्थ Professor दिएको भए, उक्त मेडिकल कलेज छोडिसकेपछि उक्त मेडिकल कलेजले दिएको उपाधि त्यही छोड्नु पर्नेमा छोडेको देखिँदैन। उक्त Professor पदको प्रयोग वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत रहदाँ समेत प्रयोग गरेको तथ्य अनुसन्धानको वयानको सवाल जवाफ नं. ७ को जवाफमा स्वीकार गरेको देखिन्छ। तसर्थ प्रतिवादी ज्ञानेन्द्र गिरी (राष्ट्र सेवक) पदमा कार्यरत रहँदा वैधानिक तवरले नपाएको प्राध्यापकको उपाधि प्रयोग गरेको तथ्यले पुष्टि गरिरहेको छ। यी तथ्य प्रमाणको मूल्याङ्कन नगरी प्रतिवादीहरूलाई सफाई दिएको फैसला त्रुटिपूर्ण रहेको देखिएको।<br>•विराट नगर अस्पताल प्रा.लि. निजी कलेज रहेको उक्त निजी कलेजले डा. ज्ञानेन्द्र गिरीलाई प्राध्यापक पदमा नियुक्त गरेको त्यसरी निजी कलेजमा कार्यरत सार्वजनिक पद धारण नगरेको व्यक्तिबाट भए गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूरजन्य कार्य नहुने भन्ने निर्णयाधार समेत मुद्दाको तथ्य भन्दा बाहिर गई भएको देखिन्छ। निजी मेडिकल कलेजले आफ्नो अधिकार क्षेत्र नहुदा नहुदै जानी जानी प्रध्यापक पद प्रदान गर्नु नै कसूर हो जसलाई प्राध्यापक पद प्रदान गर्ने अधिकार नै रहेको छैन। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ मा अन्य व्यक्ति भनी राष्ट्रसेवक भन्दा बाहेकका व्यक्तिले पनि उक्त कसूर गर्न सक्ने विधायिकी मनसाय रहेको देखिएको। सार्वजनिक पद प्राप्त नगरेका व्यक्तिले गरेकाले भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूर नहुने भनी भएको फैसला कानूनी व्यवस्थाको प्रतिकूल देखिन्छ। प्रस्तुत मुद्दाका मुख्य प्रतिवादी ज्ञानेन्द्र गिरी, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा कार्यरत रहदा आफ्नो कार्यकक्ष अगाडि रहेको नेमप्लेटमा प्रा.डा. लेखेको र सोही प्रतिष्ठानको लेटर प्याडमा ReN /34/076/77 मिति २०७७/०३/०९ मा जारी भएको सूचनामा समेत निजले प्रा.डा. ज्ञानेन्द्र गिरी लेखी हस्ताक्षर गरेको देखिंदा देखिँदै उक्त तथ्य भन्दा बाहिर गई निजी मेडिकल कलेजले गैर कानूनी रुपमा दिएको उपाधिलाई प्रयोग गर्ने प्रतिवादी ज्ञानेन्द्र गिरीलाई सफाई दिएको फैसला त्रुटिपूर्ण रहेको।<br>•प्रतिवादी ज्ञानेन्द्र गिरीले निजको नामको अगाडि प्रा. लेखेर कुनै राष्ट्र सेवकले ओहदा, अधिकार, हैसियत सुविधाको प्रयोग गरेको नदेखिएको भन्ने अर्को आधार समेत त्रुटिपूर्ण रहेको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ को कानूनी व्यवस्था हेर्दा कुनै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पद धारण नगरेको व्यक्तिबाट भए, गरेको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुरजन्य कार्य हुने देखिँदैन। प्रतिवादी डा. ज्ञानेन्द्र गिरीलाई विराटनगर अस्पताल प्रा.लि.बाट प्राध्यापक पदमा नियुक्ति दिने कार्यलाई भ्रष्टाचारजन्य कसुर भन्ने आरोप दाबी छैन। जुन नियुक्तिको आधारमा प्रतिवादी डा. ज्ञानेन्द्र गिरीले निजको नामको अगाडि प्रा. लेखेको हो, सो नियुक्ति भ्रष्टाचारजन्य कसुर नभएको र सो नियुक्तिलाई भ्रष्टाचारजन्य कसुर भनी दाबी नलिएको साथै प्रतिवादी ज्ञानेन्द्र गिरीले निजको नामको अगाडि प्रा. लेखेर कुनै राष्ट्रसेवकको ओहदा, अधिकार, हैसियत वा सुविधा प्रयोग गरेको नदेखिएको अवस्थामा प्रतिवादीहरुले आरोप दाबी बमोजिमको कसुर गरेको ठहर गर्न मिल्ने देखिएन।<br>प्रतिवादी डा. ज्ञानेन्द्र गिरीलाई विराटनगर अस्पताल प्रा.लि.बाट सन् २०१४।०४ । ०१ मा प्रोफेसरमा नियुक्ति पत्र दिएको देखिन्छ। सो नियुक्ति पत्रको आधारमा निज प्रतिवादीले आफ्नो नामको अगाडि प्रा. शब्द प्रयोग गरेको देखियो। सन् २०१४।०४।०१ मा निज प्रतिवादीलाई प्रा. पदमा नियुक्ति दिने कार्यलाई भ्रष्टाचारजन्य कसुर भनेर दाबी गरेको देखिँदैन र सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुरजन्य कार्य भएको पनि देखिँदैन। सन् २०१४।०४।०१ मा निज प्रतिवादीलाई प्रोफेसर पदमा नियुक्ति दिने कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसुरजन्य कार्य नभएको र सो नियुक्तिपत्र दिने कार्य उपर दाबी नभएको अवस्थामा सो नियुक्ति पत्रको आधारमा पाएको प्रो. पद प्रयोग गरेको कार्यलाई आरोप दाबी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुर मान्न मिल्ने देखिएन। तसर्थ प्रतिवादीहरु डा. ज्ञानेन्द्र गिरी तथा डा. ज्ञानेन्द्रमान सिंह कार्कीले आरोप दाबीबाट सफाइ पाउने ठहर्छ भनी उल्लेख भएको देखिएको। | २०५९ अन्तर्गतको कसूरजन्य कार्य नभएको। | राष्ट्र सेवक वा अन्य कुनै व्यक्तिले नपाएको ओहदा, अधिकार, हैसियत वा सुविधा पाएँ भनी वा कुनै राष्ट्र सेवकको ओहदा सम्बन्धी चिन्ह, पोशाक वा निस्सा जस्तो कुनै कुरा लगाएमा वा देखाएमा निजलाई कसूरको मात्रा अनुसार एक वर्षदेखि दुई वर्ष सम्म कैद र पचास हजार रुपैयादेखि एकलाख रुपैयाँ सम्म जरिवाना हुनेछ उल्लेख भएको देखिन्छ। उक्त कानून व्यवस्थालाई हेर्दा कुनै राष्ट्र सेवकले सो दफा अन्तर्गत तीन किसिमका कार्य गर्न नहुने देखिन्छ। कुनै हैसियत पाएको आफैले घोषणा गर्ने, सुविधा वा हैसियतको प्रयोग गर्ने, ओहदाको चिन्ह निस्सा देखाएमा कसूर हुने व्यवस्था देखिन्छ। यी कसूर मध्ये कुनै एक कसूर भएको देखिएमा सोही ऐनको दफा १५ आकर्षित हुन्छ। प्रतिबादी ज्ञानेन्द्र गिरीले आफूलाई अरूले प्राध्यापक भनी विश्वास गरून र आफ्नो सामाजिक र पदीय हैसियतको अझ बढोत्तरी देखियोस भनी आधिकारिक निकायबाट वैधानिक तवरले प्राध्यापक पद प्राप्त नगरेको अवस्थामा कुनै निजी कलेजले आफ्नो कलेज प्रयोजनको लागि मात्र मानार्थ प्राध्यापक पद दिएको अवस्थामा सोही पदलाई सार्वजनिक पदमा समेत प्रयोग गरेको देखिन्छ। भ्रष्टाचार सम्बन्धी कानूनी व्यवस्था हेर्दा प्रतिवादीले सेवा सुविधा नै लिएको हुनुपर्ने अवस्था नभई अरुले विश्वास गरून भन्ने मनसायले कार्य गर्नु नै पर्याप्त हुने व्यवस्था छ। आफ्नो हैसियत डा. मात्र भएका यी प्रतिबादीले अरूले प्रा. डा. भनी विश्वास गरून भन्ने उदेश्य राखी कार्य गरेको देखिन्छ। "कुनै व्यक्तिले ओहदा पाउन ओहदामा वहाल हुन वा कुनै लाभ सुविधा प्राप्त गर्ने उदेश्यले पेश नगरेको भन्ने भएकोमा पेश गर्न आवश्यक नभएको सर्टिफिकेट नक्कली वनाई पेस गर्ने कार्य पछाडि ओहदा सम्बन्धी सम्भावित लाभ प्राप्त गर्ने अपराधिक कार्य ( Actus Rea ) र अपराधिक मन वा उद्देश्य (Means Rea) समेतको दुवै तत्वहरुको क्रियाशिलता समावेश भएको हुन्छ। प्रमाण पत्रबाट फाइदा नलिएबाट कसूर नहुने भन्न न्यायोचित र कानूनसङ्गत नहुने" भनी ने.का.प. २०७७ अंक, नि.नं. १०५५० को मुद्दामा सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रस्तुत सिद्धान्तको आलोकमा हेर्दा प्रतिवादी ज्ञानेन्द्र गिरीले आफ्नो प्रतिष्ठा बढाउने र समाजमा आफ्नो हैसियत उच्च देखाउने आशायका साथ उक्त कार्य गरेको तथ्य पुष्टि भएको।<br>• विशेष अदालतबाट फैसला गर्दा ज्ञानेन्द्र गिरीलाई मिति १ अप्रिल २०१४ मा प्रोफेसर पदमा नियुक्ति दिने कार्यलाई भ्रष्टाचारजन्य कसूर भनी दावी नलिएको भन्ने आधार लिएको देखिन्छ। सो तथ्यका सन्दर्भमा हेर्दा प्रतिवादी मध्येका ज्ञानेन्द्र गिरीलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १५ वमोजिम सजायको मागदावी लिइएको छ भने अर्का प्रतिवादी ज्ञानेन्द्रमान कार्कीले प्रतिवादी ज्ञानेन्द्र गिरीलाई गैरकानूनी तवरले प्राध्यापक पदको नियुक्तिको कागज उपलब्ध गराई मतियारको भूमिका निभाएकोले निज प्रतिवादी ज्ञानेन्द्रमान कार्कीलाई सोही ऐनको दफा २२ वमोजिम सजायको स्पष्ट मागदावीलाई आरोपपत्र दायर भएको देखिंदा देखिंदै सोको गलत र आत्मपरक अर्थ गरी भ्रष्टाचारजन्य कसुरको दावी नै नलिएको भनी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसलामा प्रमाण मूल्याङ्कनको गम्भिर त्रुटी रहेको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ को दफा ३ देखि दफा २३ सम्मका सबै कार्यलाई भ्रष्टाचारजन्य कार्य भनी परिभाषा गरी सजायको व्यवस्था गरेको देखिन्छ। एकातर्फ प्रतिवादी ज्ञानेन्द्र गिरीले ओहदा पाएँ भनी आफै प्राध्यापक पदको प्रयोग गरेका होइन निजी कलेजले प्राध्यापक पदको उपाधि प्रदान गरेकोले प्राध्यापक पदको उपाधि लिएको भनी फैसलामा उल्लेख छ। फैसलाको यस निर्णयाधारबाट निजी कलेजले प्राध्यापक पदको उपाधि प्रदान गर्न सक्ने भनी अर्थ गरेको छ। प्राध्यापक पद विश्व विद्यालय वा प्रतिष्ठानले मात्रै प्रदान गर्न सक्ने भनी चिकित्सा शिक्षा आयोगको छानविन प्रतिवेदनले उल्लेख गरेको। अर्कोतर्फ मेडिकल कलेजले प्राध्यापक पद प्रदान गर्ने कार्य भ्रष्टाचारजन्य कसुर नहुने भनी प्रतिवादीहरुलाई सफाइ दिएको देखिएको। मेडिकल कलेजले प्राध्यापक पद प्रदान गर्ने कार्य भ्रष्टाचार जन्य कार्य नहुने भनी उल्लेख गरेको र त्यसैको कुनै कानूनी हैसियत नहुने हो भने प्रतिवादी ज्ञानेन्द्र गिरीले आफैले प्राध्यापक पदको ओहदा पाएँ भनी प्राध्यापक लेखेर भ्रष्टाचार जन्य कसुर हुन जाने हुदा उक्त तथ्यको विवेचना नगरी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला आफैमा विरोधाभाषपूर्ण देखिएकोले उक्त फैसला बदर गरी प्रतिवादीहरुलाई आरोपपत्रमा लिइएको मागदावी अनुसार सजाय गरी पाउँ। |